०८८-४११०६०

# वनगाड कुपिण्डे नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

देवस्थल, सल्यान

कर्णाली प्रदेश, नेपाल

प. सं. : ०७९/८०

मिति : २०७८/११/१०

च. नं. : १३१०

## न्यूनतम रोजगारमा संलग्न हुनको लागि निवेदन दिनेबारे सूचना

रोजगारको हक सम्बन्धि ऐन, २०७५ को दफा ११, रोजगारको हक सम्बन्धि नियामबली, २०५५ को दफा ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७९/८० मा रोजगार सेवाकेन्द्रको समन्वयमा प्रदान गरिने (१००) एक सय दिन वरावरको न्युनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकाश निर्माणका काममा योगदान गर्न इच्छुक वेरोजगार व्यक्तिहरुले २०७८ फाल्गुन मसान्त सम्ममा आफुले स्थायी वसोवास गरिरहेको यस नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा गई वेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुनका लागि निवेदन दिनहुन अनुरोध छ ।

**न्यूनतम रोजगारमा संलग्न हुनका लागि आवश्यक मापदण्ड**

१। निवेदन चालु आ. व. मा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न नरहेको ।
२। निवेदक १८ वर्ष पुरा भई ५९ वर्ष ननाघेको ।
३। नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक रु ५७७००। भन्दा कम वार्षिक आय भएको परिवार।
४। परिवारको सबै सदस्यको नागरिकता/जन्म दर्ताको फोटोकपी ।
५। हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ थान ।
६। सम्बन्धित वडाको स्थायी वासिन्दा/अन्यत्र बाट वसाईसराई गरि आएमा बसईसराईको प्रमाण पत्र भएको ।
७। वैदेशिक रोजगारबाट फर्किएको वा श्रम स्वीकृत लिई वैदेशिक रोजगारीमा जान नपाएको ।
८। पूर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन् ईच्छुक ।
९। गत आ. व. मा निवेदन दिएको वेरोजगार व्यक्तिले पनि निवेदन दिन पर्ने ।

**वेरोजगार व्यक्ति छनोट प्रक्रियाको प्राथमिकताक्रम निर्धारण आधार**

१। कृषि उत्पादन कम्तिमा ३ महिना खान नपुग्ने ।
२। बसोबासको लागि आफ्नो घर नभएको परिवार ।
३। एकल महिला घरमूली भएको परिवार ।
४। दलित, अल्पसंख्यक, वा लोपन्मुख समुदायको परिवार ।
५। कोहीपनि सदस्य रोजगारीमा समावेश नरहेको वा सामाजिक सुरक्षा लगायत सरकारी कोषबाट सुबिधा नलिएको परिवार ।
६। सहिद तथा वेरोजगार व्यक्ति ।
७। महिला वेरोजगार व्यक्ति ।
८। वैदेशिक रोजगार बाट फर्किएको वा श्रम स्वीकृत लिई वैदेशिक रोजगारीमा जान नपाएका व्यक्ति ।

थप जानकारीका लागि रोजगार सेवाकेन्द्रमा सम्पर्क राख्न सकिने छ ।

२०७८/११/१० ........

प्रेम प्रकाश बढाथोकी
प्राबिधिक साहयक

२०७८-११-१० ........

दिनेश भण्डारी
नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत